नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

# जिल्लास्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र, रसुवा
# DISTRICT CORONA CRISIS MANAGEMENT CENTER, RASUWA(DCCMC)

**बैठक संख्या** :- ११
**बैठक मिति** :- २०७७।०३।०८ गते
**स्थान** :- जिल्ला प्रशासन कार्यालय, रसुवा

## DCCMC सदस्यहरु

**सल्लाहकार समुह**

| | |
|---|---|
| श्री कूल प्रसाद भट्ट | प्रमुख- जिल्ला समन्वय समिति, रसुवा |
| श्री भवानी प्रसाद न्यौपाने | गाउँपालिका महासंघ, प्रदेश सदस्य |

**जिल्ला समिति**

| | | | |
|---|---|---|---|
| श्री हरि प्रसाद पन्त | प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय | संयोजक |
| श्री मिना अर्याल | जि.स.अ. | जिल्ला समन्वय समितिको कार्यालय | सदस्य |
| श्री सविन्द्र नगरकोटी | प्र.से. | कालीजंग गण | सदस्य |
| श्री इन्द्रप्रसाद सुवेदी | प्र.ना.उ.- | जिल्ला प्रहरी कार्यालय | सदस्य |
| श्री किरण पौडेल | स.प्र.ना.उ. | स.प्र.वल नेपाल नं.२० गुल्म धुन्चे | सदस्य |
| श्री गोविन्द रावल | ब.अ.स. | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | सदस्य |
| श्री किरण श्रेष्ठ | ज.स्वा.अ. | स्वास्थ्य कार्यालय, रसुवा | सदस्य |
| श्री अनिल खरेल | नि.मे.सु. | रसुवा अस्पताल, रसुवा | सदस्य |
| श्री सपना कुमारी भट्टराई | स.प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय, रसुवा | सदस्य-सचिव |

**निर्णयहरु:-**

१. बन्दाबन्दी(Lock Down) को समिक्षा गर्दै बन्दाबन्दीको समयमा सहयोग गर्ने जिल्लावासी, सुरक्षाकर्मी, राजनीतिक दल, नागरिक समाज, सञ्चारकर्मी लगायत सबैलाई धन्यवाद दिदै, आगामी दिनहरुमा कोभिड-१९ को महामारीबाट बच्न सबै सरकारी तथा गैर सरकारी निकाय, क्षेत्रहरुको समन्वय र सहकार्यलाई प्रभावकारी बनाउने।

२. गृह मन्त्रालय(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको) च.नं. ४३५६, मिति २०७७।०३।०५ गतेको पत्रबाट प्राप्त नेपाल सरकार(मन्त्रिपरिषद्) को २०७७।०२।२८ निर्णयानुसार बन्दाबन्दीको वर्तमान अवस्थालाई केहि सहजीकरण गर्न जारी गरिएको "बन्दाबन्दीलाई व्यवस्थित गर्ने सम्बन्धी सुरक्षा मापदण्ड, २०७७" लाई यस जिल्लाभित्र प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यक व्यवस्था मिलाउने।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

३. नेपाल सरकार(मन्त्रिपरिषद्) को मिति २०७७।०२।२८ गतेको निर्णयानुसार सरकारी कार्यालयहरुलाई २ सिफ्टमा सञ्चालन गर्ने गरी भएको व्यवस्थालाई गृह मन्त्रालय(निजामती कर्मचारी प्रशासन शाखा)को च.नं. १८३५, मिति २०७७।०३।०७ गतेको पत्रबाट प्राप्त कार्यालय सञ्चालन गर्दा अपनाउनु पर्ने सुरक्षा मापदण्ड अनुसार सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाउने।

४. नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय(मा.मन्त्रीस्तर)को मिति २०७७।०१।३० गतेको निर्णयानुसार कोभिड-१९ रोकथामका लागि केश अनुसन्धान तथा सम्पर्क खोज पड्ताल टोली(Case Investigation and Contact Tracing Team) परिचालन निर्देशिका, २०७७ अनुसार CICTT गठन गर्न बाँकी रहेका गाउँपालिकाहरुलाई यथाशीघ्र गठन गर्न अनुरोध गर्ने।